कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर

आ.व. २०७७।०७८
च. न.

१ नं. प्रदेश, नेपाल

मिति – २०७७।१०।०८

विषय:- **वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरेका उद्यमीलाई राष्ट्रिय तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना।**

**यो जो सँग सम्बन्धित छ।**

प्रस्तुत विषयमा श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रथम पटक मिति २०७७।०९।२८ गते प्रकाशित सूचना अनुसार वैदेशिक रोजगारीमा गई फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदर स्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरीने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले " **विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि २०७६**" को अनुसूची २ अनुसारको आवेदन फारम भरी खामबन्दी गरी तपशिलका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (२०७७।१०।१९) भित्र श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी इमेल ठेगाना info@moless.gov.np मा पठाउन हुन सूचित गरिन्छ। । थप जानकारीको सम्न्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजातहरु (प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| १ नेपाली नागरिक,<br>२ श्रमिक भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको हुनुपर्ने,<br>३ विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको हुनुपर्ने। | १ नेपाली नागरिकताको प्रतिलिपि ,<br>२ श्रम स्वीकृतिको प्रतिलिपि,<br>३ भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४ व्यवसाय दर्ता प्रमाणपत्रकफ प्रतिलिपि,<br>५ कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६ आ.व. ०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ,<br>७ यस अघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा। |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

www.kummayakmun .gov.np ,gmail kummayakgaupalika@gmail.com

Scanned with CamScanner